# स्वरोजगार लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

**SWAROJGAR LAGHUBITTA BITTIYA SANSTHA LTD.**

दर्ता नं.: ११५७/०६६/०६७
केन्द्रिय कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
टेलिफोन नं.: ०११-६६१०६०
फ्याक्स नं.: ०११-६६१०६०
Email: info@slbbl.com.np


च.न. ५३७/०७९/०८०

मिति : २०७९/११/१८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरबार प्लाजा , काठमाण्डौ ।

**विषय : साधारण सभा तथा शेयरधनी दर्ता किताव बन्द रहने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. को मिति २०७९/११/१७ गते बुधबार बेलुकी ५:०० बजे वसेको सञ्चालक समितिको २४७औं बैठकले यस वित्तीय संस्थाको १४ औं वार्षिक साधारण सभा मिति २०७९ चैत्र ११ गते (तदनुसार २५ मार्च, २०२३ ई.सं.) शनिबार दिनको ११:३० बजे नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौमा गर्ने निर्णय गरेको ब्यहोरा जानकारी गराईन्छ । साथै, उक्त वार्षिक साधारण सभा प्रयोजनका लागी यस वित्तीय संस्थाको शेयरधनी दर्ता किताब देहाय बमोजिम बन्द रहने हुँदा सोही बमोजिम आवश्यक सहयोगको लागी अनुरोध गर्दछौं । सो सम्बन्धित सूचना २०७९/११/१९ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशन गरिनेछ ।

**शेयरधनी दर्ता किताब बन्द रहने :**

१४औं बार्षिक साधारण सभा प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेजको काम मिति : २०७९/११/३० गते देखि २०७९/१२/११ गतेसम्म बन्द रहनेछ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात मिति २०७९/११/२९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणको आधारमा कायम रहेका शेयरधनीहरु यस वार्षिक साधारण सभामा भाग लिन, मतदान गर्न तथा लाभांश प्राप्त गर्न योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ ।

**बोधार्थ :**

१) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
२) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलिसडक काठमाण्डौ ।
४) श्री एनएमबी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौ ।

भवदीय,

मनोज कृष्ण उप्रेती
कम्पनी सचिव